# विउ व्यवसायी/कम्पनी/सहकारीलाई बीउ भण्डार तथा प्रशोधनकेन्द्र निर्माण/स्तरोन्नती सहयोग कार्यक्रम संचालन विधी, २०७७

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड/संचालन विधी स्वीकृत गरिएको छ।

१. **कार्यक्रमको उद्देश्यः** विउ विजनको प्रशोधन तथा सुरक्षित भण्डारण गर्न प्रशोधन केन्द्र/भण्डारण घर पूर्वाधार निर्माण/स्तरोन्नती गराई जिल्लामा गुणस्तरयुक्त विउ विजनको उपलब्धता सहज र सुलभ गराउन विउ विजनको आन्तरीक उत्पादन तथा वितरण प्रणाली सुदृढ एवम ब्यवस्थित गर्नु ।

२. **सूचना प्रकाशनः कार्यालयले** कम्तिमा पन्ध्र दिनको म्याद दिई दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशन गरी वैधानिक रुपले दर्ता भएका र प्राविधिक रुपले स्थापित विउ व्यवसायी/ विउ कम्पनी/ विउ उत्पादक सहकारीहरुवाट आवेदन माग गर्नु पर्नेछ। उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरि सूचना प्रकाशन गर्नेछ र उक्त थप म्याद भित्र समेत गरी जतीसुकै सँख्यामा निवेदन संकलन भएपनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

३. **अनुदानग्राहिको योग्यताः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका अनुदानग्राहीले कार्यक्रममा सहभागी हुन आवेदन गर्न सक्नेछन् ।

(१) प्रचलित कानून बमोजीम विधिवत विउ विजन उत्पादन तथा ब्यवसायमा संलग्न भइ फर्म दर्ता भएका व्यवसायी/कम्पनी/सहकारी र विउ विजनको उत्पादन प्रशोधन तथा विक्रि वितरण कार्यको कम्तीमा पनि ३ वर्षको अनुभव प्राप्त गरेको। कम्तीमा पछिल्लो २ आ.व.मा सरकारी निकायवाट स्रोत विउ वितरण गरी संचालित विज बृद्धी कार्यक्रमवाट उत्पादित विउको खरिदी तथा भण्डारण/प्रमाणीकरण गराई कृषक स्तरमा विक्रि वितरण गरेको।

(२) संचालित विज बृद्धि कार्यक्रमको खडा वाली अवस्थामा विउ विजन ऐन तथा नियमावली अनुसार विउ निरिक्षकवाट विउ वाली खेत निरिक्षण गराएको हुनु पर्ने।

(३) आफुले संचालन गराएको विजबृद्धिको विउ उत्पादक कृषकवाट खरिद गरेको तथा खरिद गरेको उक्त विउ परिक्षण तथा प्रमाणीकरण प्रक्रिया पुरा गरी गुणस्तर प्रमाण पत्र प्राप्त गरी पूनः विक्रि वितरण गरेको हुनु पर्ने।

(४) विगत दुई वर्षको कारोवार (मूल विउ खरिद तथा विभिन्न स्तरको उत्पादित विउको विउ चक्र सम्वन्धी अभिलेख) तथा लेखा परिक्षण प्रतिवेदन हुनु पर्ने।



मा. शैलेन्द्र प्रसाद स
मन्त्री

४. **प्राबिधिक स्पेसिफिकेशन तथा लागत अनुमानः** (१) विउ भण्डारण घर/प्रशोधन घरको आन्तरीक डिजाइन/संरचना तथा प्राविधिक मापदण्ड निर्धारण गर्दा डिहाइड्रेशन/ड्रायर/क्लिनर/ग्रेडर/ट्रिटर/तौल तथा पैकिंग कार्य/भण्डारण तथा वितरण कक्ष लगायत अन्य आधारभूत क्रियाकलापको लागी विउ विजन विशेषज्ञ/विउ प्राविधिकको प्रत्यक्ष सल्लाह तथा मार्गदर्शन अनुसार प्राबिधिक स्पेसिफिकेशन तयार गर्नु पर्ने छ।

(२) भौतिक पूर्वाधार निर्माण कार्यको लागत अनुमान सिभिल वा कृषि इन्जियर/ओभरसियर/सब-ओभरसियरवाट अनुदानग्राहीले सहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समावेश हुने गरि तयार गर्नु पर्नेछ।

(३) स्रोत साधनको उपलब्धताको आधारमा अन्य आवश्यक यन्त्र उपकरण तथा मेशिनरीलाई लागत अनुमानमा समेत समावेश गर्न सकिने छ।

(४) प्राबिधिकले तयार गरेको लागत अनुमान कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

५. **विउ ब्यवसायीको प्रस्ताव माग गर्दाः** विउ उत्पादन प्रशोधन तथा प्रमाणिकरण र वितरण सम्बन्धी प्राविधिक प्रस्ताव तथा पूर्वाधार निर्माण कार्यको लागतमा तथा विउ विजन प्रशोधनसँग सम्बन्धीत मेशिनरी यन्त्र उपकरणको लागी आइटम तथा क्रियाकलाप अनुसार प्रस्तावकको सहभागीता अंश (प्रतिशत) स्पष्ट माग गर्ने तथा मूल्याँकन गर्ने।

६. **मूल्याँकन समितिः** (१) कार्यालयले प्राप्त प्रस्तावहरुको मूल्याँकन तथा छनौट गर्न देहाय बमोजीमको एक मूल्याँकन समती गठन गर्नेछ।

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको विउ विजनसंग सम्बन्धित अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राविधिक कर्मचारी | सदस्य सचिव |

कार्यालयले आवश्यकता अनुसार मूल्याँकन समितीमा दुई जनासम्म आमन्त्रीत सदस्य थप गर्न सक्नेछ।

(२) मूल्याँकन समितीले जिल्लामा विउ विजनको आवश्यकता तथा सम्भाव्यताको आधारमा प्रस्तावहरुको मूल्याँकनका आधारहरु निरर्धारण गरी मूल्याँकन गर्नेछ।

(३) प्राविधिक रुपले सक्षम तथा उपयुक्त ठहर भएका प्रस्तावकहरु मध्ये अनुदानग्राहीको सहभागीता वापत तोकीएको न्यूनतम रकम भन्दा सवभन्दा बढी लगानी सहभागीता गर्ने एक जनालाई छनौट गर्न सिफारिश गर्ने।



प्रदेश सरकार
ना. शैलेन्द्र प्रसाद साह

(४) मूल्यांँकन समितीले गरेको सिफारिस कार्यालय प्रमुखवाट स्वीकृत भएपछी छनौट नाम प्रकाशित गर्ने।

७. **सम्झौता:** छनौट भएका अनुदानग्राहीले कार्य संचालनको लागी कार्यालयसँग सम्झौता गर्नेछ। सम्झौतामा यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त विउ भण्डारण घर/प्रशोधन केन्द्र कृषि ज्ञान केन्द्रको प्रत्यक्ष निर्देशन तथा नियन्त्रणमा संचालन गर्नु पर्नेछ भनी अनिवार्य शर्त रहने गरी प्राविधिक प्रस्तावमा समावेश भएका अन्य आधारभूत कार्य प्रक्रिया तथा संचालनका शर्तहरुलाई मध्येनजर राख्दै अन्य शर्तहरु सम्झौता पत्रमा उल्लेख हुनेछ।

८. **कार्य सम्पादन प्रतिबेदन:**सम्झौता पश्चात निर्माण कार्यको नियमित कार्य सम्पादन प्रतिवेदन कार्यालयले लिनेछ।

९. **भूक्तानी प्रक्रिया:** (१) कार्यालयवाट जारी भएको आदेश कार्य सम्पन्न प्रतिवेदन तथा बिल भर्पाइ लगायत कार्यालयले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम सम्झौता अनुसार अनुदानग्राहीलाई रनिंग बिल/कार्यसम्पन्न प्रतिवेदनको आधारमा बढिमा तिन किस्ताबन्दीमा वा एकमुष्ट भुक्तानी दिनेछ।

(२) यस कार्यमा कुनै किसिमको कार्यवापत अग्रिम पेश्की वा भूक्तानी वा मोविलाइजेशन पेश्की दिने छैन।

१०. **अनुगमन तथा मूल्याङ्कन:** मन्त्रालय/निर्देशनालय/कार्यालयको टोलीले कार्यक्रमको नियमित सुपरीवेक्षण तथा अनुगमन कार्य गर्नेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्बन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ।

११. **सार्बजनिकिकरण:** कार्यालयले सम्पन्न भएका कार्यहरुको सूची सार्वजनिक गर्नु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २ जनकपुरधाम, धनुषा

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री